# सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन ऐन, २०७६

प्रमाणीकरण मिति

२०७६।५।४

प्रस्तावना : प्रदेशस्तरमा कृषि तथा पशुपन्छी व्यवसाय मार्फत कृषक, कृषि व्यवसायी र उपभोक्ताको हकहित प्रवर्द्धन गर्न त्यस्ता व्यवसायहरुलाई समय सापेक्ष, आधुनिक, व्यवसायिक एवं प्रतिस्पर्धीका साथै जिम्मेवार र मर्यादित बनाउनका लागि आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १९७ बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेश भर तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कृषक" भन्नाले कृषिजन्य वा पशुपन्छीजन्य वस्तु उत्पादन गर्ने जोसुकै व्यक्ति, समूह, फर्म वा कम्पनी, सहकारी र संघ वा संस्था सम्झनु पर्छ र सो शब्दले आफ्नै जग्गा वा कृषि पूर्वाधारमा वा कसैको जग्गा वा कृषि पूर्वाधार करार वा कबुलियत (लिज) मा लिई व्यवसायिक कृषिजन्य वा पशुपन्छीजन्य वस्तु उत्पादन गर्ने व्यक्ति, फर्म वा कम्पनी र संघ वा संस्था समेतलाई जनाउँछ ।

(ख) "कृषि तथा पशुपन्छी बजार" भन्नाले दफा १२ मा उल्लेख भए बमोजिम कृषि तथा पशुपन्छीजन्य उपजहरुको संकलन, ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण तथा बिक्री वितरण गर्ने कृषि तथा पशुपन्छी बजारहरुलाई सम्झनु पर्छ र सो शब्दले जीवित घरपालुवा पशुपन्छी र माछाको बजार तथा माछा मासुको बजार र मिटमार्ट समेतलाई जनाउँछ ।

(ग) "कृषि तथा पशुपन्छीजन्य वस्तु" भन्नाले कृषिबाली वा वस्तु वा घरपालुवा पशुपन्छी र माछाबाट उत्पादन गरिएको उपभोग्य वस्तु वा उपजहरु सम्झनु पर्छ र सो शब्दले जीवित सिंगो पशुपन्छी र माछालाई समेत जनाउँछ ।

(घ) "कृषि तथा पशुपन्छी व्यवसाय" भन्नाले कृषि बाली, पशुपन्छी र माछा लगायत कृषिका सबै उपक्षेत्रसँग सम्बन्धित व्यवसायिक उत्पादन, संकलन, प्रशोधन, भण्डारण, ढुवानी र बेचबिखन तथा परामर्श सेवा सम्बन्धी कार्यहरुलाई सम्झनु पर्छ र सो शब्दले कृषिजन्य वा पशुपन्छीजन्य

वस्तु उत्पादनका लागि आवश्यक उत्पादन सामग्री उत्पादन, संकलन, भण्डारण, ढुवानी र बिक्री व्यवसायका साथै परामर्श सेवा तथा कृषिजन्य वा पशुपन्छीजन्य उद्योग व्यवसाय समेतलाई जनाउँछ ।

(ङ) "कृषि व्यवसायी" भन्नाले कृषिजन्य वा पशुपन्छीजन्य वस्तुहरुको संकलन, प्रशोधन, भण्डारण, ढुवानी वा बिक्री व्यवसाय गर्ने वा परामर्श सेवा प्रदायक व्यक्ति, समूह, फर्म, कम्पनी, सहकारी र संघ वा संस्थालाई सम्झनु पर्छ र सो शब्दले कृषिजन्य वा पशुपन्छीजन्य वस्तु उत्पादनका लागि आवश्यक उत्पादन सामग्रीको उत्पादन, संकलन, भण्डारण, ढुवानी वा बिक्री व्यवसाय गर्ने वा परामर्श सेवा प्रदायक व्यक्ति फर्म वा कम्पनी र संघ संस्थालाई तथा कृषिजन्य वा पशुपन्छीजन्य उद्योग सञ्चालन गर्ने उद्योगी समेतलाई जनाउँछ ।

(च) "कृषि औजार यन्त्र उपकरण" भन्नाले कृषिजन्य वा पशुपन्छीजन्य वस्तुहरुको उत्पादन, प्रशोधन, भण्डारण, ढुवानी बजारीकरणको लागि आवश्यक आधुनिक औजार, यन्त्र, उपकरण र मेशिनरीलाई सम्झनु पर्छ ।

(छ) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेशलाई सम्झनु पर्छ ।

(ज) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ ।

(झ) "प्रदेश सरकार" भन्नाले प्रदेशको सरकार (मन्त्रिपरिषद्) लाई सम्झनु पर्छ ।

(ञ) "बृहद एवं विशेष उत्पादन क्षेत्र" भन्नाले बजार वा उपभोक्ताको माग अनुसार तोकिएको ठूलो क्षेत्रफल वा परिमाणमा तोकिएको गुणस्तरको कृषिजन्य वा पशुपन्छीजन्य वस्तु उत्पादन गर्न दफा ८ बमोजिम निर्धारण गरिएको क्षेत्र सम्झनु पर्छ ।

(ट) "व्यवसायिक कृषि" भन्नाले बजार वा उपभोक्ताको माग बमोजिम ठूलो क्षेत्रफल वा परिमाणमा तथा उपयुक्त गुणस्तर, मूल्य र समयमा कृषिजन्य वा पशुपन्छीजन्य वस्तुको उत्पादन, संकलन, प्रशोधन र बजारीकरण गर्ने कार्यलाई सम्झनु पर्छ र सो शब्दले करार वा कबुलियत गर्ने दुई पक्षबीच भएको सम्झौता अनुसार एउटा पक्षले अर्को पक्षलाई तोकिएको कृषिजन्य वा पशुपन्छीजन्य वस्तुको तोकिएको परिमाण, गुणस्तर, मूल्य र समयमा आपूर्ति गर्न गरिएको कृषि व्यवसायलाई समेत जनाउँछ ।

(ठ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन समितिलाई सम्झनु पर्छ ।

(ड) "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए बमोजिम भन्ने सम्झनु पर्छ ।

## परिच्छेद-२

## कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन समितिको गठन

३. कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन समितिको गठन : (१) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धनका लागि प्रदेशस्तरीय नीति निर्धारण गर्ने विषयमा प्रदेश सरकारलाई आवश्यक परामर्श दिन तथा प्रदेशस्तरीय नीति कार्यान्वयन र आवश्यक समन्वय गर्न प्रदेश स्तरमा एउटा कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन समितिको गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका पदाधिकारी एवं सदस्यहरु रहनेछन् :-

(क) मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -अध्यक्ष

(ख) राज्यमन्त्री वा सहायक मन्त्री, भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -पदेन सदस्य

(ग) सचिव (प्रशासन), मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(च) प्रमुख वा प्रतिनिधि, प्रदेशस्तर नेपाल उद्योग वाणिज्य महासंघ -सदस्य

(छ) प्रमुख वा प्रतिनिधि, प्रदेशस्तर नेपाल घरेलु तथा साना उद्योग महासंघ -सदस्य

(ज) प्रमुख वा प्रतिनिधि, प्रदेशस्तरको सरकारी बैंक वा वित्तीय संस्था -सदस्य

(झ) प्रमुख वा प्रतिनिधि, प्रदेशस्तर सहकारी संघ लिमिटेड -सदस्य

(ञ) कृषि तथा पशुपन्छी व्यवसायको क्षेत्रमा कार्य गरिरहेका व्यवसायिक कृषक एवं कृषि व्यवसायी महिला वा दलित वा जनजाति मध्येबाट मन्त्रालयले मनोनीत गरेका कम्तीमा एक जना महिला सहित दुईजना - सदस्य

(ट) कृषि तथा पशुपन्छी सम्बन्धी विषयमा स्नातक तह हासिल गरी कम्तीमा ५ वर्षको अनुभव प्राप्त गरेका कृषि मन्त्रीले मनोनीत विज्ञ दुईजना -सदस्य

(ठ) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ट) बमोजिम मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ तथा निजहरु पुनः एक पटकको लागि मनोनीत हुन सक्नेछन् ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत कुनै सदस्यले आफ्नो पद बमोजिमको जिम्मेवारी पूरा नगरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी सदस्यको पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(५) समितिले आवश्यक ठानेमा कुनै स्वदेशी विषय विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

४. <u>समितिको बैठक सम्बन्धी व्यवस्था</u> : समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ख) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(ग) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा राज्यमन्त्री वा सहायक मन्त्रीले बैठकको अध्यक्षता गर्नेछन् र दुवै अनुपस्थित रहेमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछन् ।

(घ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछन् ।

(ङ) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(च) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

५. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : यस ऐनको उद्देश्य पूरा गर्न समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रदेशस्तरमा कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्न आवश्यक विषयगत नीति तथा योजना तर्जुमा गर्न प्रदेश सरकारलाई सुझाव दिने,

(ख) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्न संघीय, प्रादेशिक तथा स्थानीय तहका साथै गैर सरकारी संघ संस्था, सहकारी र निजी क्षेत्रसँग समन्वय गर्ने,

(ग) कृषि तथा पशुपन्छी व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाहरुलाई आवश्यक कार्यक्रमहरु सञ्चालन गर्न सहयोग र सहजीकरण गर्ने,

(घ) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न प्रवर्द्धनात्मक कार्यहरु गर्ने,

(ङ) तोकिए बमोजिमको अन्य आवश्यक कार्यहरु गर्ने ।

६. <u>उपसमिति वा कार्यदलहरु गठन गर्न सक्ने</u> : (१) दफा ३ बमोजिम गठित समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विशेषज्ञ रहेको उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## कृषि तथा पशुपन्छी व्यवसायको दर्ता तथा नवीकरण

७. व्यवसायको दर्ता तथा नवीकरण : (१) प्रदेशभित्र कृषि वा पशुपन्छी वा दुवै विषयको व्यवसाय गर्न चाहने व्यक्ति, समूह, फर्म वा कम्पनी, सहकारी र संघ वा संस्थाले प्रचलित कानून बमोजिम आफ्नो व्यवसाय दर्ता तथा नवीकरण गराएर मात्र सञ्चालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसाय दर्ता तथा नवीकरण नगराएर सञ्चालन गर्ने जोसुकैलाई प्रदेश सरकारले प्रदान गर्ने सेवा वा सुविधाबाट बञ्चित गरी प्रचलित कानून बमोजिम कारबाही गर्न सक्नेछ ।

(३) कृषि तथा पशुपन्छी व्यवसायको दर्ता तथा नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## बृहद एवं विशेष उत्पादन क्षेत्र सम्बन्धी व्यवस्था

८. बृहद एवं विशेष उत्पादन क्षेत्र तोक्ने : (१) भौगोलिक एवं भू-धरातलीय स्वरुप, जनसांख्यिक वितरण, प्राविधिक अवस्था र प्रचुर आर्थिक सम्भावनाका आधारमा प्रदेश सरकारले संघीय सरकारको नीति, कानून तथा कार्यक्रमसँग सामन्जस्यता हुने गरी कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धनको लागि बिभिन्न किसिमका बृहद एवं विशेष उत्पादन क्षेत्रहरु तोकी तिनको विकासमा सहयोग पुऱ्याउन सक्नेछ ।

(२) उपदफा (१) अनुसार बृहद एवं विशेष उत्पादन क्षेत्रहरु तोक्दा संघीय तथा प्रादेशिक नीति तथा कानून अनुरुप स्थापना हुने विषेश आर्थिक क्षेत्रसँग समन्वय हुने गरी बजारको माग अनुसार उपयुक्त परिमाण र गुणस्तरका कृषि तथा पशुपन्छीजन्य वस्तुहरु उत्पादन गर्न सरोकारवालाहरुको प्रतिवद्धताको आधारमा देहाय बमोजिम वर्गीकरण समेत गर्न सक्नेछ । बृहद एवं विशेष उत्पादन क्षेत्रहरु तोकी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(क) व्यवसायिक बाली वा वस्तु उत्पादन क्षेत्र,

(ख) प्रांगारिकवा बिषादीरहित उत्पादन क्षेत्र,

(ग) निर्यातमूलक बाली वा वस्तु उत्पादन क्षेत्र ।

९. बृहद एवं विशेष उत्पादन क्षेत्रमा प्रदान गरिने सेवा सुविधा : (१) किटान गरिएका बृहत एवं विशेष उत्पादन क्षेत्रहरुमा उत्पादन सामग्री, कृषि औजार, यन्त्र उपकरण, प्रविधि एवं प्राविधिक सेवा, कृषि सडक, ग्रामीण विद्युतीकरण, सिंचाई, कृषि ऋण, विमा, बजार व्यवस्था, सूचना प्रणाली र उत्पादन उपरान्त लगायतका सुविधा सम्बन्धित सहकारी, गैरसरकारी र निजी क्षेत्रको समन्वय एवं सहकार्यमा एकीकृत रुपमा आर्थिक ऐन मार्फत उपलब्ध गराइनेछ ।

(२) बृहत एवं विशेष उत्पादन क्षेत्रहरुमा कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धनका लागि गरिने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

## कृषि पूर्वाधार विकास तथा सुदृढीकरण सम्बन्धी व्यवस्था

१०. कृषि पूर्वाधार विकास : (१) प्रदेशभित्र कृषि तथा पशुपन्छीसँग सम्बन्धित कृषि सडक, ग्रामीण विद्युतीकरण, संचार, सिंचाई, भण्डार गृह, शित भण्डार गृह, प्रयोगशाला, अनुसन्धान केन्द्र एवं फार्म वा केन्द्र, पशु बधशाला, कोल्ड रुम वा च्याम्बर, ग्रिन हाउस/ग्लास हाउस आदि व्यवसायहरुको प्रवर्द्धन गर्न आवश्यक विभिन्न कृषि भौतिक पूर्वाधारहरु निर्माण तथा सुदृढीकरणको लागि प्रदेश सरकारले आवश्यकता अनुसार तीनै तहका सरकारहरु तथा सहकारी एवं निजी क्षेत्रको समन्वय र सहकार्यमा आवश्यक कार्यक्रमहरु सञ्चालन गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कृषि भौतिक पूर्वाधार निर्माण तथा सुदृढीकरणका कार्यक्रमहरु सञ्चालन गर्दा प्रदेश सरकारले आवश्यकता अनुसार अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्न, गराउन पर्नेछ ।

(३) कृषि भौतिक पूर्वाधार निर्माण तथा सुदृढीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-६

## कृषि तथा पशुपन्छी बजारको स्थापना र सुदृढीकरण सम्बन्धी व्यवस्था

११. कृषि तथा पशुपन्छी बजारको स्थापना र सुदृढीकरण : (१) प्रदेश सरकारले आफ्नो क्षेत्रभित्रको कुनै पनि स्थानमा सम्बन्धित स्थानीय तहको समन्वय र सहकार्यमा कृषि वा पशुपन्छी वा माछा वा सबैको संयुक्त बजारको स्थापना वा सुदृढीकरण गर्न सक्नेछ ।

(२) कृषि वा पशुपन्छीसँग सम्बन्धित समूह वा सहकारी वा व्यवसायिक संस्था वा फर्म वा कम्पनीले समेत सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाको अनुमति लिई कृषि वा पशुपन्छी वा माछा वा सबैको संयुक्त बजारको स्थापना वा सुदृढीकरण गर्न सक्नेछन् ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कृषि वा पशुपन्छी वा माछा वा सबैको संयुक्त थोक बजारको स्थापना वा सुदृढीकरण गर्दा भने प्रदेश सरकारको अनुमति लिनु पर्नेछ ।

१२. कृषि तथा पशुपन्छी बजारको वर्गीकरण : (१) दफा ११ बमोजिम स्थापना वा सुदृढीकरण गरिने कृषि तथा पशुपन्छी बजारको वर्गीकरण देहाय बमोजिमको हुनेछ :-

(क) थोक बजार (कृषि वा पशुपन्छी वा माछाको थोक बजार वा सबैको संयुक्त थोक बजार),

(ख) खुद्रा बजार (कृषि वा पशुपन्छी वा माछाको खुद्रा बजार वा सबैको संयुक्त खुद्रा बजार),

(ग) हाट बजार (कृषि वा पशुपन्छीको हाट बजार वा माछा समेत सबैको संयुक्त हाट बजार),

(घ) संकलन केन्द्र (कृषि वा पशुपन्छी वा माछाको संकलन केन्द्र वा सबैको संयुक्त संकलन केन्द्र)।

१३. कृषि तथा पशुपन्छी बजार व्यवस्थापन समिति : (१) दफा ११ र १२ बमोजिम स्थापना वा सुदृढीकरण गरिएको कृषि तथा पशुपन्छी बजारको सञ्चालन र व्यवस्थापन गर्नको लागि प्रत्येक बजारस्तरमा एउटा बजार व्यवस्थापन समिति रहनेछ ।

(२) कृषि तथा पशुपन्छी बजार व्यवस्थापन तथा समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-७

## अनुदान तथा सुविधा दिने सम्बन्धी व्यवस्था

१४. कृषि उत्पादन सामग्रीमा अनुदान : (१) प्रदेश सरकारले कृषकलाई उन्नत बीउँ बिजन, प्रांगारिक जैविक एवं रासायनिक मल तथा विषादी, सिंचाईका उपकरण, प्लाष्टिक सिट, एग्रो नेट जस्ता कृषि उत्पादन सामग्रीमा तोकिएको प्रतिशतमा संघीय सरकार तथा स्थानीय तहसँग दोहोरो नपर्ने गरी अनुदानमा उपलब्ध गराउन सक्नेछ ।

(२) कृषि उत्पादन सामग्रीमा उपलब्ध गराउने अनुदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. कृषि औजार यन्त्र उपकरणमा अनुदान : (१) कृषि तथा पशुपन्छी व्यवसायको आधुनिकीकरणका लागि आवश्यक बिभिन्न किसिमका औजार एवं यन्त्र उपकरण प्रदेश सरकारले कृषकहरुलाई तोकिएको प्रतिशतमा संघीय सरकार तथा स्थानीय तहसँग दोहोरो नपर्ने गरी अनुदानमा उपलब्ध गराउन सक्नेछ ।

(२) कृषि यन्त्र उपकरणमा उपलब्ध गराउने अनुदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. कृषि ऋणमा ब्याज अनुदान : (१) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धनका व्यवसायिक कृषकले लिने कृषि ऋणमा प्रदेश सरकारले आफ्ना प्रदेशभित्रका व्यवसायिक कृषकलाई तोकिएको प्रतिशतमा ब्याज अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) प्रदेश सरकारले उपदफा (१) अनुसार ब्याज अनुदान उपलब्ध गराउँदा संघीय सरकार तथा स्थानीय तहसँग दोहोरो नपर्ने गरी बेग्ला बेग्लै कृषकलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) कृषि ऋणमा ब्याज अनुदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. न्यूनतम समर्थन मूल्य : प्रदेश सरकारले संघीय सरकारद्वारा तोकिएको प्रमुख कृषि तथा पशुपन्छीजन्य वस्तुहरुको न्यूनतम समर्थन मूल्य अनुसार ती वस्तुहरुको खरिद कार्यमा सहयोग पुऱ्याउन सक्नेछ वा आफैंले

त्यस्ता वस्तुहरुको न्यूनतम समर्थन मूल्य तोकी सम्बन्धित सरकारी निकाय मार्फत खरिद गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद-८
## विविध

१८. बीमा सम्बन्धी व्यवस्था : यस ऐन बमोजिम सहुलियत, अनुदान वा अन्य सहयोग प्राप्त गरी कृषि वा पशुपन्छी व्यवसाय सञ्चालन गर्ने व्यक्ति, समूह, फर्म वा कम्पनी, सहकारी र संघ वा संस्थाले सोको बिमा गर्नु पर्नेछ ।

१९. अनुदान वा सहयोगको दुरुपयोग गर्न नहुने : यस ऐन र अन्तर्गत बनेका नियमावली, निर्देशिका वा कार्यविधि बमोजिम अनुदान वा सहयोग पाउने व्यक्ति, समूह, फर्म वा कम्पनी, सहकारी र संघ वा संस्थाले सोको हिनामिना वा दुरुपयोग गर्नु हुँदैन । हिनामिना वा दुरुपयोग गरेको पाइएमा सरकारी बाँकी सरह असुल उपर गरिनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

२०. नियम बनाउन सक्ने : यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

२१. प्रचलित कानून बमोजिम हुने : यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

२२. बचाऊ : यस ऐनसँग सम्बन्धित विषय प्रचलित नेपाल कानून बमोजिम यसअघि भए गरेका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

⊗⊗⊗